करेन्ट लागेर वडाध्यक्षको निधन

कञ्चनकुमार झा / रौतहट । रौतहटमा करेन्ट लागेर वडाध्यक्षको निधन भएको छ । रौतहटको बौधीमाई नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष गणदेव राय यादवको करेन्ट लागेर मृत्यु भएको हो ।

रौतहट प्रहरीका अनुसार शनिबार साँझ करिब ७:१५ बजे यादव गाउँकै जगदिश राय यादवको खेतमा जाने क्रममा मेन लाइनको तार चुँडिएर भुँइमा परेको अवस्थामा छुँदा करेन्ट लागेर गम्भीर घाइते हुनुभएको थियो । यादवलाई तत्काले उपचारका लागि स्थानीय धोराहीमाई अस्पताल कोल्सवा लगेकोमा सामान्य उपचारपछि थप उपचारका लागि प्रादेशिक अस्पताल गौरवा ल्याइए पनि चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

कर्तव्य ज्यान मुद्दामा २०६८ सालमा रौतहट जिल्ला अदालत गौरबाट सफाई पाउनुभएका मृतक यादव २०७९ सालमा नेकपा एकीकृत समाजवादी पार्टीबाट वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो । तर, त्यही मुद्दासम्बन्धी पुरानो फैसलाका आधारमा उच्च अदालत वीरगञ्जले उहाँलाई निर्वाचित भएको केही समयमै पदबाट निलम्बन गरेको थियो ।

प्रहरीले घटनाका बारेमा आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

आम्दानीको स्रोत बन्दै अकबरे खुर्सानी, व्यावसायिक बन्दै किसान

प्रकाश पाक्सौबा / हिटा
तेह्रथुम, २३ भदौ

तेह्रथुम छथर गाउँपालिका-२ का किसान केवबहादुर लिम्बूले करिब चार रोपनी जमिनमा अकबरे खुर्सानीको खेती गर्दै आउनुभएको छ । परम्परागत खेतीबाट आम्दानी हुन छाडेपछि उहाँले अकबरे खेतीलाई विस्तार गर्नुभएको हो । खेती विस्तारसँगै उहाँको मुख्य आम्दानीको आधार अकबरे बनेको छ ।

हालमा करिब एक सय किलो खुर्सानी संकलन गर्ने लिम्बूले प्रतिकिलो दुई सय पचासदेखि तीन सय रुपैयाँसम्ममा बिक्री गर्दै आउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'धान, मकैजस्ता अन्नबालीले त खर्चसमेत उठ्दैनथ्यो, अकबरे खेतीले थोरै जमिनमै धेरै आम्दानी दिन थालेको छ ।'

जिल्लामा परम्परागत खेतीतर्फ किसानहरूको आकर्षण घट्दै गएको छ । वर्षमा एकपटकमात्र उत्पादन हुने अन्नबालीले अपेक्षित आम्दानी दिन नसकेपछि धेरै किसान वैकल्पिक नगदे बालीतर्फ लागेका छन् । 'पहिले खेतमा पसिना बगाएर पनि ऋणमा डुबिन्थ्यौं । अहिले अकबरे खेतीले परिवार चलाउनमात्र होइन, बचत गर्ने बाटो पनि खोलिदिएको छ,' किसान केवबहादुर सुनाउनुहुन्छ ।

धान, मकै लगाउँदा मज्जाले मिहिनेत गर्नुपर्छ, फलस्वरूप न घाटा न नाफा । अझ बँदेल, बाँदर, मृगजस्ता वन्यजन्तुको आक्रमणले किसानको पसिना खेर जान थालेपछि उनीहरू निराश भएका छन् । त्यसको विकल्पमा अकबरे खुर्सानीले नयाँ सम्भावना देखाएको छ ।

गाउँ-गाउँमा अकबरे खुर्सानीको उत्पादन बढेसँगै व्यापारीहरू पनि गाउँमै पुग्न थालेका छन् । उत्पादन र बजार दुवै राम्रो भएकाले किसानलाई घरमै बिक्री गर्ने सुविधा भएको छ । किसान लालबहादुर लिम्बू भन्नुहुन्छ, 'अन्नबालीमा हैरानी धेरै थियो तर अकबरे खेती सुरु गरेपछि बजार आफैं आएको छ । अहिले गाउँमै व्यापारी आइपुग्छन् ।'

केवबहादुर र लालबहादुर जस्तै धेरै किसानले अकबरे खेती गर्दै आएका छन् । सडक सञ्जाल विस्तारसँगै किसानलाई आफ्नो उत्पादन बजारसम्म पुर्‍याउन सजिलो भएको छ । पहिलेजस्तो बोकाबाहेक अन्य विकल्प नभएको अवस्थाबाट अहिले सडक पुगेपछि कृषिजन्य सामग्री छिट्टै बजारमा पुग्ने गरेको छ । यसले किसानको उत्साह अझ बढाएको छ ।

तेह्रथुममा उत्पादन भएको अकबरे खुर्सानी अहिले स्थानीय बजारसँगै पूर्वी तराईका धरान, इटहरी, विराटनगर, दमकजस्ता शहरमा समेत निर्यात हुँदै आएको छ । यसको तीखोपन र स्वादका कारण अकबरेले बजारमा छुट्टै पहिचान बनाएको छ ।

अहिले किसानहरूले एक रोपनीदेखि १० रोपनीसम्म क्षेत्रफलमा अकबरे खेती गरेका छन् । सानोतिनो उत्पादन गर्ने मात्र होइन, धेरै किसान व्यावसायिक रूपमा बजारतर्फ होमिन थालेका छन् । अकबरे खुर्सानी खेतीले अहिले गाउँमै रोजगारी सिर्जना गरेको छ । युवाहरू वैदेशिक रोजगारीतर्फ पलायन हुँदा गाउँ सुनसान हुने अवस्था कम हुँदै गएको किसानहरू बताउँछन् । सहकारी प्रणालीमार्फत् सामूहिक खेती विस्तार भएमा अझ ठूलो सम्भावना देखिएको छ ।

स्थानीय सरकारले प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराएमा अकबरे खेती जिल्लाको प्रमुख नगदे बाली बन्ने देखिन्छ । अकबरे खुर्सानी अब केवल परिकारको स्वादमात्र होइन, किसानको जीवनस्तर उकास्ने आम्दानीको स्रोत बन्दै गएको छ ।

धारिलो हतियार प्रहार गरी काकीको हत्या

इश्वर बोहरा / बैतडी । बैतडीको सिगास गाउँपालिका-२ पिपलगाउँमा एक महिलाको धारिलो हतियार प्रहार गरी हत्या भएको छ । जिल्ला प्रहरी कार्यालय बैतडीका अनुसार ३० वर्षीय यश सिंह धामीले आफ्नी काकी ४८ वर्षीया बेलमती धामीलाई आइतबार राति घरमै सुतिरहेको अवस्थामा बन्चरो प्रहार गरी हत्या गरेका हुन् ।

सूचना अधिकारी बलराम पाण्डेका अनुसार मृतकको घाँटी र मुखमा प्रहार गरिएको थियो । हत्या गर्ने यश सिंह धामी हुलाक सेवाका अतिरिक्त कर्मचारी हुन् । कैलालीमा कार्यरत उनी भदौ १९ गतेमात्र घर आएका थिए । आफन्त जय सिंह धामीका अनुसार उनले चार दिनअघि घर फर्किएका दिनमै आफ्नी आमामाथि समेत कुटपिट गरेका थिए ।

जीर्ण भवनमा चरम अभावबीच सेवा दिँदै नकलबन्दा प्रहरी

राजेन्द्र गौतम / हिटा
झापा, २३ भदौ

भारतसँगको सीमावर्ती झापाको मेचीनगर-५ मा रहेको नकलबन्दा इलाका प्रहरी कार्यालय जीर्ण संरचना, न्यून जनशक्ति र साधनस्रोतको चरम अभावबीच सञ्चालन भइरहेको छ । २०३४ सालमा सीमा प्रहरी चौकीका रूपमा स्थापना भएको यो कार्यालय चार वर्षअघि इलाका प्रहरी कार्यालयमा स्तरोन्नति भए पनि अवस्था भने अझै चौकीस्तरमै सीमित छ । प्रहरी स्वयं असुरक्षित हुने भवनमा बसेर सेवा दिन बाध्य छन् । प्रहरीहरूलाई राति सुत्दा छाना भत्केर खस्छ कि भन्ने त्रास हुन्छ ।

दरबन्दीअनुसार २५ जना प्रहरी खटिनुपर्ने भए पनि हाल नायब निरीक्षक अशोक चौहानको नेतृत्वमा आठजनामात्र कार्यरत छन् । सीमित जनशक्तिले अवैध ओसारपसार, लागूऔषध कारोबार, आपराधिक गतिविधि नियन्त्रण र सीमापार आवागमनजस्ता चुनौतीपूर्ण जिम्मेवारी सम्हाल्नुपरेको छ ।

सात कठ्ठा क्षेत्रफलमा फैलिएको जीर्ण भवनमा छाना चुहिने, भित्तामा चिरा पर्ने र वर्षायाममा सामान्य काम गर्न नसक्ने अवस्था छ । प्रहरी जवानहरू बसोबास गर्ने कोठा फुटेको छ भने पर्खाल भत्किएका छन् । यस्तो अवस्थामा छन् । स्थानीयवासी सुरज तामाङ भन्नुहुन्छ, 'प्रहरी आफैं असुरक्षित भएको ठाउँमा जनताको सुरक्षा कसरी सुनिश्चित हुन्छ ? राज्यले तत्काल ठोस पहल गर्नुपर्छ ।'

भारतसँगको खुला सीमाका कारण नकलबन्दा क्षेत्र लागूऔषध कारोबार, तस्करी र अवैध आवतजावतको प्रमुख अखडा बनेको स्थानीयको भनाइ छ । तर, स्रोत साधनको अभावले प्रहरीलाई नियन्त्रणमा कठिनाइ भएको छ । स्थानीयवासी र जनप्रतिनिधिले पटक-पटक नयाँ भवन, जनशक्ति र उपकरणको माग गरे पनि संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय नहुँदा समस्या समाधान हुन सकेको छैन । पूर्वप्रहरी तथा हाल जनप्रतिनिधि पुष्पकुमार गेलालका अनुसार यो समस्या केवल प्रहरीको मात्र होइन, राज्यकै सुरक्षा संवेदनशीलतासँग जोडिएको हो । सीमामा बलियो संरचनाबिना शान्तिसुरक्षा सम्भव छैन ।'

झापा प्रहरी प्रवक्ता खगेन्द्रबहादुर खड्काले कार्यालयको अवस्थाबारे सम्बन्धित निकायलाई जानकारी गराइए पनि बजेट अभावका कारण पुनर्निर्माणमा ढिलाइ भएको बताउनुभयो । नकलबन्दा प्रहरी कार्यालय सीमावर्ती सुरक्षाका दृष्टिले अति संवेदनशील भए पनि जनशक्ति, उपकरण र बन्दोबस्तीका सामग्री अभावले प्रहरीको मनोबल र कार्यक्षमता दुवै प्रभावित बनेको छ ।

उपभोक्ताको आयआर्जनमा टेवा पुऱ्याउँदै पुरैना तालमा माछापालन

कञ्चनपुर / रासस । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-९ मा रहेको वृन्दावन सामुदायिक वनभित्रको प्राकृतिक पुरैना तालमा व्यावसायिक रूपमा माछापालन सुरु गरिएको छ । उपभोक्ताको आयआर्जन बढाउने उद्देश्यसहित सामुदायिक वन उपभोक्ता समितिले तालमा रोहु, कमन र ग्रास जातका गरी २५ हजार माछाका भुरा हालेर पालन गरिरहेको छ ।

सामुदायिक वनका अध्यक्ष मोहनसिंह ऐरका अनुसार हाल माछाको तौल एकदेखि दुई किलोसम्म पुगेको छ । 'दशैं-तिहार लक्षित गरेर बजारमा बिक्री गर्ने तयारी छ,' उहाँले बताउनुभयो । उहाँका अनुसार तालबाट करिब दुई सयदेखि २७५ क्विन्टलसम्म माछा उत्पादन हुने अनुमान गरिएको छ । माछा बिक्रीबाट हुने आम्दानी वन क्षेत्रमा सिसाउ जडान, विभिन्न बालबालिकालाई छात्रवृत्ति साथै उपभोक्तालाई तरकारी खेती र पशुपालनतर्फ प्रोत्साहित गर्ने प्रयोग गरिने योजना छ ।

'पहिलो प्राथमिकता वन संरक्षण र विकासलाई दिइएको छ,' अध्यक्ष ऐरले भन्नुभयो, 'छ किलोमिटर क्षेत्रमा सिसाउ जडानपछि मात्रै कृषि तथा पशुपालनतर्फ लगानी हुनेछ ।'

गर्मीयाममा आकाशे पानीमा निर्भर तालमा पानी सुक्ने समस्या देखिएकाले अटोजन बोरिङमार्फत् वर्षभर पानी आपूर्ति गर्ने योजना अघि सारिएको छ । यसका लागि स्थानीय, प्रदेश र संघीय सरकारसँग बजेटका लागि आग्रह गरिएको अध्यक्ष ऐरले जानकारी दिनुभयो ।

SAUDI मा रोजगार Faisal Ibrahim Halil Al Shamri Company
LT No.: 330817

क्र.सं.	कामदारको पद	संख्या		मासिक तलब SR	रु.							
१	Kitchen Worker	20		1000	२७,४७०१						छ,	

पि.एन.एस. इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.
बौद्धमार्ग, काठमाडौं, फोन नं.: ०१-४४३५४०२, ४४३५४०३

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा

विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति २०८२/०५/२४

तपसिलमा उल्लेखित कार्य विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आह्वान गरी विधालय भवन निर्माण गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुलाई मिति २०८२/०६/२६ गते दिनको १२: ०० सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको website **www.bolpatra.gov.np/egp** मार्फत खरिद प्रकृयामा सहभागी हुन यो बोलपत्र आव्हान गरिएको छ।थप जानकारीको लागि PPMO को website हेर्नुहुन अनुरोध छ।

ठेक्का नं.	कामको विवरण	लागत अनुमान(मु.अ.कर, PS रकम सहित र कन्टिजेन्सी बाहेक)	बोलपत्र जमानत रकम (रु)	बोलपत्र दस्तुर (रु)
04/GRM/NCB/Works/B/2082-83	श्री हलेश्वर नमुना विधालय भवन निर्माण।	१,२४,०२,०३८।९९	३,२०,०००।००	३,०००।००

प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराम्बी, सिन्धुपाल्चोक

यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार औषधिजन्य मालसामान खरिदका लागि मिति २०८२/०५/१५ गते राष्ट्रिय दैनिक पत्रिका (सौर्य दैनिक) मा सिलबन्दी दरभाउपत्र आह्वान गरिएकोमा प्राविधिक त्रुटिका कारणले ठेक्का नम्बर **JRM/SQ/GOODS/01/082-083** को सूचना रद्द गरिएको व्यहोरा यस कार्यालयको मिति २०८२/०५/२३ को निर्णयानुसार सम्बन्धित सबैमा सूचित गरिन्छ। विस्तृत जानकारीका लागि यस कार्यालयको पूर्वाधार शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत
जुगल गाउँपालिका

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

श्री कलेज अफ एलाइड टेक्निकल साइन्स नेपालगंज उ.म.न.पा.-१८ नेपालगंज बाँकेमा श्री कलेज अफ एलाइड हेल्थ साइन्स नेपालगंज उ.म.न.पा.-१८ नेपालगंज,बाँकेलाई मर्जर (गाभ्न) प्रस्ताव गरेको सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०५/२४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट ३ वर्षे प्रमाण-पत्र/डिप्लोमा तहको फिजियोथेरापी, सिभिल इन्जीनियरिङ्ग प्रि-डिप्लोमा तहको सिभिल र सबै इन्जिनियरिङ्ग कार्यक्रमको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री कलेज अफ एलाइड टेक्निकल साइन्स नेपालगंज उ.म.न.पा.-१८, नेपालगंज, बाँकेमा परिषद्बाट प्रमाणपत्र तहको सामान्य चिकित्सा र मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रमको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री कलेज अफ एलाइड हेल्थ साइन्स नेपालगंज उ.म.न.पा.-१८, नेपालगंज, बाँकेलाई मर्जर (गाभ्न) गर्न पाउँ भनी प्रस्ताव गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नं. ११७९ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/०५/२० गतेको निर्णयानुसार संस्था मर्जर (गाभ्ने) प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्थाहरु र सम्बन्धन/स्वीकृति कार्यक्रमहरु प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण लिखित जानकारी गराउनुहुन अनुरोध छ। उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि संस्था गाभ्ने (मर्जर) प्रकृया अगाडी बढ्ने र म्याद नाघी आएका दाबी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर। फोन नं. ०१-६६३०४०८
इमेल ctevtaccreditation061@gmail.com

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
गण्डकी प्रदेश, नेपाल

ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरुको लिलाम बिक्रीका लागि विद्युतिय माध्यमबाट बोलपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति: २०८२/०५/२४।

यस म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२/०४/०५ गतेको निर्णय बमोजिम तपशिलमा उल्लेखित स्थानहरुमा रहेका ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा विद्युतिय माध्यमबाट बोलपत्र आह्वान गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, ठेक्का प्रक्रियामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

सि.नं	सूचना नं./ बोलपत्र नं.	सामाग्रिहरुको विवरण	परिमाण (घन फिट)	न्युनतम बोलपत्र रकम (कर बाहेक)	धरौटी रकम	बोलपत्र दस्तुर(रु.)
१	MRM-01-२०८२/०८३	घुमे नं. १- म्याग्दे-५ घटेरी, नक्सा नं.- छाङ ७/ड,कित्ता नं.- ५३,५४ र ५५ को अग्रभाग, बि. पि. एस. बिन्दु २७°५८'१८'' उत्तरी अक्षांश ८४°०७'३५'' पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा	९,०१,४०८/-	रु. ६९,४०,८४२/- (उनसत्तरी लाख चालिस हजार आठ सय बयालिस रुपैया मात्र)	कबोल अङ्को कम्तिमा १० प्रतिशत	रु. २,०००/- (दुई हजार रुपैया मात्र)
२	MRM-02-२०८२/०८३	घुमे नं. ४- म्याग्दे-५ घटेरी, नक्सा नं.- छाङ ७/ड,कित्ता नं.- २७ र २८ को अग्रभाग,बि. पि. एस. बिन्दु २७°५८'१०'' उत्तरी अक्षांश ८४°०७'३१'' पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स	२,७६,८९६/-	रु.२१,३२,०९९/- (एक्काईस लाख बत्तिस हजार उनानसय रुपैया मात्र)	कबोल अङ्को कम्तिमा १० प्रतिशत	रु. २,०००/- (दुई हजार रुपैया मात्र)
३	MRM-03-२०८२/०८३	घुमे नं. ६- म्याग्दे-३ झिरुवेसी, मा बि. पि. एस. बिन्दु २७°५७'५१'' उत्तरी अक्षांश ८४°०९'५४'' पूर्वी देशान्तर, सेती नदीबाट करिब ४० मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स	२,०६,९३७.५०	रु. १५,९३,४१८/७५ (पन्ध्र लाख त्रियानब्बे हजार चार सय अठार रुपैया पचहत्तर पैसा मात्र)	कबोल अङ्को कम्तिमा १० प्रतिशत	रु. २,०००/- (दुई हजार रुपैया मात्र)

बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक वेबसाईट www.bolpatra.gov.np मार्फत मिति २०८२/०६/०८ गते दिनको १२ बजेसम्म विद्युतीय माध्यमबाट हेर्न र पेश गर्न सकिनेछ। साथै विस्तृत जानकारीको लागि यस कार्यालयको website: **https://myagdemun.gov.np/** मा समेत हेर्न र कार्यालय समयभित्र फोन नं. ०६५-४००१०८ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत